*बैठक संख्या:-*

आज मिति २०८१ मंसिर ३ गते सोमबारका दिन घ्याङलेख गाउँकार्यपालिकाको बैठक अध्यक्ष श्री जगत बहादुर भोलनज्यूको अध्यक्षतामा बसी निम्नानुसारका प्रस्तावहरु माथि छलफल गरी निर्णय गरियो।

<u>उपस्थिति</u>

| क्र.स. | नाम,थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री जगत बहादुर भोलन | अध्यक्ष | |
| २ | श्री शंकरमान घलान | उपाध्यक्ष | |
| ३ | श्री सोम बहादुर भोलन | सदस्य | |
| ४ | श्री रोशन कुमार भोलन | सदस्य | |
| ५ | श्री निश्चल सुनुवार | सदस्य | |
| ६ | श्री अमृत वाईबा | सदस्य | |
| ७ | श्री ज्ञान बहादुर सिजाली मगर | सदस्य | |
| ८ | श्री गंगा माया कामी | सदस्य | |
| ९ | श्री सान्नानी नेपाली | सदस्य | सान्नानी |
| १० | श्री साल माया लो | सदस्य | |
| ११ | श्री रमा कुमारी न्याङ्मी | सदस्य | |
| १२ | श्री निम बहादुर थामी | सदस्य | |
| १३ | श्री मिठु कुमारी विश्वकर्मा | सदस्य | मिठु |
| १४ | श्री दाताराम प्याकुरेल | सचिव | |

<u>अन्य उपस्थिती</u>

| क्र.स. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | जिवन घिमिरे | सूचना प्रविधि अधिकृत | |
| २ | प्रकाश खतिवडा | न्यायीक सहजकर्ता | |

घ्याङलेख गाउँपालिका
गाउँकार्यपालिकाको बैठक
मिति २०८१ मंसिर ३ गते सोमबार
बैठकका प्रस्ताव तथा निर्णयहरु
(समय बिहान ११:०० बजे)

बैठकका प्रस्तावहरु:-

१. अघिल्ला बैठकको निर्णयको समीक्षा सम्बन्धमा ।
२. प्राथामिकताका आधारमा झोलुङ्गे पुल माग गर्ने सम्बन्धमा ।
३. मेडिकल अधिकृतको थप सुविधा सम्बन्धमा ।
४. योजना कार्यान्वयन सम्बन्धमा ।
५. मुद्दाको पुर्पक्षको लागि अख्तियारनामा दिई पठाउने सम्बन्धमा।
६. सडक बोर्डबाट प्राप्त बजेट रकम कार्यान्वयन सम्बन्धमा।
७. दर्ता अपरेटरको पारिश्रमिक सम्बन्धमा।
८. संसोधन सहितको कार्यविधि स्वीकृत गर्ने सम्बन्धमा।
९. विविध सम्बन्धमा।

दाताराम प्याकुरेल
प्रमुख प्रशासकीय अधिकृत

| प्रस्ताव नं. | निर्णयहरु |
|---|---|
| १ | यस अघि भए गरेका निर्णयहरुको समीक्षा गर्नुका साथै कार्यान्वयन हुन बाँकी निर्णयहरुलाई यथाशीघ्र कार्यान्वयन गर्ने निर्णय गरियो । |
| २ | नेपाल सरकार, शहरी विकास मन्त्रालय, स्थानीय पूर्वाधार विभाग, झोलुङ्गे पुल विभागको च नं ९५, मिति २०८१/०७/०८ को पत्र बमोजिमको झोलुङ्गे पुलहरु तपशिल बमोजिम रहेको ब्यहोरा पठाउने निर्णय गरियो । |

तपशिल:

| प्राथमिकता नं. | जिल्ला | पालिका | वडा नं. | स्थान | खोलाको नाम | झो.पु को नाम | अनुमानित लम्बाई | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | सिन्धुली | घ्याङलेख | १ | सिम्ले खोला, | सिम्ले खोला, | सिम्ले भिमसेनटार झो. पु, | १०० मि | |
| २ | सिन्धुली | घ्याङलेख | १ | खानि खोला | खानि खोला | खानि खोला झो. पु | ८० मि | |
| ३ | सिन्धुली | घ्याङलेख | २ | सिम्लेफाँट | मरिणखोला | गैरी खेत पिपल डाँडाँ झो पु | ९० मि | |
| ४ | सिन्धुली | घ्याङलेख | २ | देविटार | ठाडोखोला | गणेशटार झो पु | ८० मि | |
| ५ | सिन्धुली | घ्याङलेख | २ | मरिणखोला | मरिढखोला | ढुङ्गे मरिणखोला झो पु | ४० मि | |
| ६ | सिन्धुली | घ्याङलेख | २ | चालिसे | मरिणखोला | बैसौरा चालिसे झो पु | ७० मि | |
| ७ | सिन्धुली | घ्याङलेख | ३ | कोलटार रातु गुरासे | रातु खोला | रातु खोला झो पु | १५० मि | |
| ८ | सिन्धुली | घ्याङलेख | ३ | चिलाउने | तामाजोर खोला | तामाजोर खोला झो पु | १६० मि | |
| ९ | सिन्धुली | घ्याङलेख | ४ | मस्रागी | आहाले | आहाले झो पु | २०० मि | |
| १० | सिन्धुली | घ्याङलेख | ४ | रामभेडे फेदि | रामपुर खोला | रामभेडे फेदि झो पु | १६० मि | |
| ११ | सिन्धुली | घ्याङलेख | ५ | घले डाडाँ | रामपुर खोला | घलेडाडा गोपे फेदि झो पु | २०० मि | |
| १२ | सिन्धुली | घ्याङलेख | ५ | दखिन्ने हायु खोला | राङ्चा खोला | दखिन्ने हायु खोला झो पु | १०० मि | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १३ | सिन्धुली | घ्याङलेख | ५ | छाप जँगार | कोखाजोर खोला | छाँप जँगार बाङ्गि झो पु | १५० मि | |
| १४ | सिन्धुली | घ्याङलेख | ५ | ज्ञान डाडा | खानि खोला | ज्ञान डाडाँ दारी गाउँ झो पु | १०० मि | |
| १५ | सिन्धुली | घ्याङलेख | ५ | राना गाउँ | खानि खोला | राना गाउँ रामपुर भन्ज्याङ झो पु | २०० मि | |

३ गाउँपालिकाको कार्यालयले २०८१ मंसिर २८ गते नियुक्त गरेको मेडिकल अधिकृत (आठौं तहलाई) निजले पाउने आठौं तहको तलबको अतिरिक्त देहाय बमोजिमको मासिक सेवा सुविधा भता उपलब्ध गराउने निर्णय गरियो ।

- जोखिम तथा प्रोत्साहन भत्ता - रु४८,७३७।- (तलब स्केलको १००%)
- घर भाडा बापत - १ कोठा
- खाना खाजा खर्च - मासिक रु ५०००।-(पाँच हजार मात्र)
- ईन्धन - मासिक १५ लि. (पन्ध्र)

४ यस आ व २०८१/०८२ को लागी यस गाउँपालिकाबाट कार्यान्वयन हुने गरी गाउँपालिका, प्रदेश सरकार, नेपाल सरकारबाट स्वीकृत योजनाहरु देहाय बमोजिमको समयावधिमा कार्यान्वयन गर्ने निर्णय गरियो ।

- उपभोक्ता समिति गठन – २०८१ मंसिर मसान्त सम्म
- उपभोक्ता समिति सम्झौता -२०८१ पौष १५ सम्म
- कार्य सम्पन्न गर्ने – २०८२ वैशाख मसान्त सम्म

५ यस घ्याङलेख गाउँपालिका बडा नं.२ स्थित बस्तीपुर स्वास्थ्य चौकीको भवन निर्माणका लागि चालू आ.व.२०८१।०८२ मा कार्यान्वयन हुने गरि बागमती प्रदेश सरकारबाट सशर्त अनुदान पुँजीगत तर्फ रकम रु २२,००,०००।—(बाईस लाख) विनियोजन भएकोमा स्वास्थ्य चौकीको नयाँ भवनको माथिल्लो तल्ला सम्पन्न गर्न पूर्वाधार विकाश शाखाबाट २९,००,०००।—(उनन्तिस लाख) को लागत अनुमान तयारी भएकोमा नपुग हुने रु ७,००,०००।—(सात लाख) आगामी बस्ने गाउँ सभाको अधिवेशनबाट थप गर्ने गरि श्रोत सुनिश्चितता गरिनुका साथै रु २९,००,०००।—(उनन्तिस लाख) रकमको बोलपत्र आह्वान गर्ने निर्णय गरियो।

६ सडक बोर्ड नेपालबाट आ.व.२०८१।०८२ को योजना कार्यान्वयनका लागि रु१३,००,०००।— (तेह्र लाख) बजेट स्वीकृत गरि पठाईएकोमा यस कार्यालयबाट थप गर्नुपर्ने बाँकी २०% (रु३२५,०००।-) रकम थप गरि पिपलभञ्ज्याङ, सिम्ले, हायुटार, सोलाभञ्ज्याङ, बेलबोट, रामपुर,

| | |
|---|---|
| | राङ्चा सडकबाट गाउँपालिकाको मूख्य प्रशासनिक भवनमा जाने बाटो ढलान गर्ने कार्यको लागि आवश्यक प्रकृया अगाडी बढाई निर्माण कार्य सम्पन्न गर्ने निर्णय गरियो। |
| ७ | जिल्ला प्रशासन कार्यालय, सिन्धुलीको प.स. २०८१।०८२, च.नं. २१७, मिति २०८१।०५।०४ गतेको कामकाज गर्न खटाईएको सम्बन्धमा भन्ने पत्रानुसार यस कार्यालयमा खटी आउनु भएका दर्ता अपरेटर श्री सितल काफ्लेले आफ्नो तोकिएको जिम्मेवारी कुशलतापूर्वक निर्वाह गर्नु भएको र निजको उक्त कार्यावधि मिति २०८१।०६।२३ मा समापन भएता पनि असोज १०,११ र १२ गते भएको भिषण वर्षातको कारण यस पालिकाको अधिकांशको परिचय पत्र बनाउन बाँकी रहेको कारणले गर्दा उक्त सेवालाई निरन्तरता दिन निजलाई मिति २०८१।०८।०९ गते सम्म राखी सेवा उपलब्ध गराईने हुँदा सो बापत दक्ष कामदारले दैनिकी पाउने पारिश्रमिक सो सरह यस कार्यालयले भुक्तानी गर्ने निर्णय गरियो। |
| ८ | घ्याङलेख गाउँपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७६ संसोधन सहित स्वीकृत गर्ने निर्णय गरियो। |
| ९ | **विविध सम्बन्धमा छलफल गर्दा** |
| क | यस गाउँपालिका वडा नं.२ स्थित चालिसे बगरमा निर्माण हुने सामुदायिक भवन निर्माणको लागि यसै वडा नं.२ निबासी जग्गा धनि श्री मान बहादुर स्याङ्तानले २ नं. वडा कार्यालयको नाममा निशुल्क रुपमा जग्गादान गर्ने भएकोले सोको आवश्यक कार्य (रजिष्ट्रेशन पास गर्न) यसै कार्यालयमा कार्यरत अमिन श्री भक्तहरि श्रेष्ठलाई प्रतिनिधिको रुपमा पठाउने निर्णय गरियो।<br><br><u>दान गर्ने जग्गाको विवरण</u><br>बस्तीपुर ८ क, कि.नं. २६६ क्षेत्रफल- १-३-१-० ~~वर्ग मि.~~ रोपनी<br><u>जग्गा लिने जग्गाको विवरण</u><br>बस्तीपुर ८ क, कि.नं. २६६ क्षेत्रफल- ०-११-२-३ ~~वर्ग मि.~~ रोपनी |
| ख | यस आ.व. २०८१।०८२ को लागि बागमती प्रदेश सरकारबाट प्राप्त नमूना वडा समाजवादी कार्यक्रम अन्तर्गत गाउँपालिका अन्तरगत वडा नं.१ मा रहेको अमले स्वास्थ्य चौकीबाट एम्बुलेन्स सेवा सञ्चालन गर्ने भएको र हालसम्म उक्त संस्थाले नेपाल सरकारको राजश्व छुटमा एम्बुलेन्स खरिद नगरेको हुँदा स्थानीय स्तरका सेवाग्राहीहरुलाई सरल र सहज रुपमा सेवा प्रवाह गर्नका लागि खरिद प्रकृया अगाडी बढाउन सम्बन्धित नियकायहरुलाई (जिल्ला, प्रदेश तथा सङ्घीय कार्यालाय/मन्त्रालय) अनुरोध गरी पठाउने निर्णय गरियो। |
| ग | बहुक्षेत्रीय पोषण सहजकर्ताको पारिश्रमिक मार्गदर्शन अनुसार स्थानीय तहको सहायक स्तर चौथो तहले मासिक रुपमा पाउने रकम सो सरह आ.व.२०८१।०८२ मा गा.पा.बाट बहुक्षेत्रीय पोषण कार्यक्रमको लागि विनियोजित रकम रु ५,००,०००।-(पाँच लाख) बाट अपुग तलब बापतको रकम भुक्तानी गरी दिने निर्णय गरियो। |

सीताराम प्याकुरेल

१. पोषण सहजकर्ताको पारिश्रमिक बापत रु २५,०००।- (मासिक)- संघीय सरकारबाट प्राप्त
२. गा.पा.ले थप गर्नुपर्ने पारिश्रमिक बापत रु ७,९०२।- (मासिक)

(चालू आ.व.२०८१।०८२ मा गाउँपालिकाबाट बहुक्षेत्रीय पोषण कार्यक्रमको लागि विनियोजित रकमबाट भुक्तानी हुने गरी- आ.व. २०८१।०८२ को श्रावण देखिको छुट सहित)

घ आ.व.२०८१।०८२ का लागि प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम (विशेष अनुदान) मार्फत निर्माण हुने भैंसे स्वास्थ्य इकाई भवन निर्माणको लागि साविक बस्तीपुर गा.वि.स.-२, हाल घ्याङलेख गाउँपालिका वडा नं.२ निवासी नेत्र बहादुर सुनुवारले वस्तीपुर २ख, कि.नं.११७, ज.वि.१-६-२-३ क्षेत्रफलबाट ०-५-०-० क्षेत्रफल जग्गा वस्तीपुर स्वास्थ्य चौकीको नाममा निशुल्क रुपमा जग्गादान गरी भवन निर्माण गर्न मञ्जुरीनामा दिएको हुनाले सोही बमोजिम उक्त भवन निर्माणको बोलपत्र मार्फत आवश्यक प्रकृया अगाडी बढाउने निर्णय गरियो।

ङ तामाङ समुदायको साँस्कृतिक कला, बाजा, डम्फु र यस बाजामा गाईने तामाङ मौलिक गीत सङ्गीत तथा संस्कृतिलाई संसार भरी चिनाउने अभियान स्वरुप आफ्नो मौलिक कला, संस्कृतिको विकास साथै जगेर्ना गर्ने हेतुले सम्पन्न भएको " दोश्रो डम्फु साँझ" कार्यक्रमको लागि रु २०,०००।- (वीष हजार) आर्थिक सहयोग गर्ने निर्णय गरियो।

च प्रदेश लोक सेवा आयोग, बागमती प्रदेशको प.स.०८१।०८२, च.नं.१४७, मिति २०८१।०७।२१ गतेको माग आकृति पठाउने सम्बन्धमा भन्ने व्यहोराको पत्रानुसार यस गाउँपालिकाको O&M सर्वेक्षण अनुसार देहायको पदहरु रिक्त रहेकोले गर्दा सो रिक्त पदहरुमा पदपूर्तिका लागि लेखि पठाउने निर्णय गरियो।

देहायः

| क.स. | पद | सेवा | सङ्ख्या | पदपूर्ति किसिम | कै. |
|---|---|---|---|---|---|
| १ | सहायक स्तर पाचौं | प्रशासन | २ | खुला | |
| २ | आ.ले.प.सहायक, पाँचौं | प्रशासन | १ | खुला | |

दाताराम प्याकुरेल
प्रमुख प्रशासकीय अधिकृत